☎०४४-५५०६७५

# बर्दिवास नगरपालिका कार्यालय

बर्दिवास, महोत्तरी

पत्र संख्या :०७२।०७३

च.नं :-

मिति : २०७३।३।३०

## प्रेस विज्ञप्ती

### खुल्लादिसामुक्तएवं पूर्ण साक्षर नगरपालिका घोषणा कार्यक्रम सम्पन्न

### ३० आषाढ २०७३

सन् २०१७ सम्ममा नेपाललाई खुल्ला दिसामुक्त क्षेत्र घोषणा गर्ने राष्ट्रिय लक्ष्य निर्धारण भएको छ । सोही राष्ट्रिय लक्ष्यलाई सफल बनाउन सन् २०१६ सम्ममा महोत्तरी जिल्लालाई पनि खुल्ला दिसामुक्त क्षेत्र घोषणा गर्ने गरी अहिले जिल्लामा विभिन्न जनचेतनामूलक अभियानहरु सञ्चालन भैरहेका छन् । यति वेला देशका विभिन्न जिल्ला, नगर र गा.वि.स.हरु धमाधम खुल्ला दिसामुक्त क्षेत्र घोषणा भैरहेका छन् । यसै क्रममा महोत्तरी जिल्लाको बर्दिवास नगरपालिका पनि यहि असार ३० गते खुल्ला दिसामुक्त क्षेत्र घोषित भएको छ । बर्दिबास नगरपालिका महोत्तरी जिल्लाको पहिलो र प्रदेश नं. २ को दोश्रो खुल्ला दिसामुक्त क्षेत्र घोषित हुनु हामी सवै नगरबासीको लागि गौरवको विषय हो ।

बर्दिबासलाई खुल्ला दिसामुक्त नगरपालिका घोषणा गर्ने भनेर यस नगरपालिकाको मिति २०७२ सालपौष २८ गते सम्पन्न नगरपरीषदमा प्रतिवद्धता व्यक्त गरिएको थियो । त्यो लक्ष्य प्राप्त गर्न नगर क्षेत्रमा सवै पूर्वाधार एवं प्रशासनिक कार्यहरु द्रुतगतिमा अघि वढे । यस कार्यमा सर्वपक्षीय एवं सर्वदलीय सहभागिता रहयो । यसरी सर्वपक्षीय एवं सर्वदलीय सहयोग र सहभागिताका कारण नै बर्दिबास नगरपालिका खुल्ला दिसामुक्त क्षेत्र घोषित भएको छ ।

यही मिति २०७३ साल आषाढ ३० गते विहीबारका दिन यस नगरपालिकाका कार्यकारी अधिकृत श्री रामकुमार कार्कीको अध्यक्षता एवं महोत्तरी जिल्ला क्षेत्र नं. १ का माननीय सांसद तथा निबर्तमान शिक्षामन्त्री श्री गिरिराजमणि पोखरेलज्यूको प्रमुख आतिथ्यता, नगरकै जेष्ठ नागरिक १०७ बर्षिया कृष्णमाया खडका एवं महोत्तरीका स्थानीय विकास अधिकारी श्री कृष्ण प्रसाद चापागाई, खानेपानी तथा सरसफाई डिभिजन कार्यालयका प्रमुख श्री देवन्द्र कुमार झा तथा जिल्ला एवं नगर क्षेत्रका कार्यालय प्रमुखज्यूहरु, जिल्ला एवं नगर क्षेत्रमा क्रियाशील राजनैतिक दलका प्रतिनिधिज्यूहरु, विभिन्न संघसंस्थाका प्रतिनिधिज्यूहरु, नागरिक समाजका अगुवा सदस्यज्यूहरु, पत्रकारज्यूहरु, वडा नागरिक मञ्चका संयोजक एवं सदस्यज्यूहरु, टोल विकास संस्थाका अध्यक्ष लगायत सदस्यज्यूहरु, स्थानीय भद्रभलादमीज्यूहरु, समाजसेवीहरु, विद्वतवर्गहरु, शिक्षक, विद्यार्थी, नगरबासी लगायत नगरपालिकाका कर्मचारीहरुको व्यापक उपस्थितिका वीच एक भव्य एवं विशेष कार्यक्रमको आयोजना गरी **यस नगरपालिका क्षेत्रलाई प्रदेश नं. २ को दोस्रो एवं मिथिला क्षेत्रको पहिलो खुल्ला दिसामुक्त एवं सम्भवत प्रदेश नं. २ कै पहिलो पूर्ण साक्षर नगरपालिका घोषणा** कार्यक्रम सुसम्पन्न गरियो । साथै चाडै नै यस नगरपालिकालाई पूण खोपयुक्त र प्लास्टिक झोला मुक्त नगरपालिका घोषणाको लागि सवै कार्य अगाडी बढाईएको व्यहोरा समेत जानकारीको लागि अनुरोध छ ।

रामकुमार कार्की

कार्यकारी अधिकृत